# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन १६ गते २०४० साल

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको

### सूचना

केटा (भर्ना तथा सेवा शर्त) (तेस्रो संशोधन) नियमहरू, २०४०

केटा (भर्ना तथा सेवा शर्त) नियमहरू, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "केटा (भर्ना तथा सेवा शर्त) (तेस्रो संशोधन) नियमहरू, २०४०" रहेको छ।

(२) यी नियमहरू २०३८ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. केटा (भर्ना तथा सेवा शर्त) नियमहरू, २०२८ को नियम ६ मा संशोधनः केटा (भर्ना तथा सेवा शर्त) नियमहरू, २०२८ को नियम ६ मा रहेको "सत्तरी रूपैयाँको दरले" र "नब्बे रूपैयाँको दरले" भन्ने शब्दहरूको सट्टा क्रमशः "एक सय पचास रूपैयाँको दरले" र "एक सय सत्तरी रूपैयाँका दरले" भन्ने शब्दहरू राखिएका छन्।

आज्ञाले,

शार्दुल शमशेर ज. ब. रा.

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9660

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

960C